# व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) सम्वन्धी नागरिक वडापत्र

| क्र. स. | विषय | सेवाग्राहीले उपलब्ध गराउनु पर्ने कामकाज | काम सम्पन्न हुने मिति | जिम्मेवारी निकाय व्यक्ति | उजुरी सुन्ने व्यक्ति निकाय |
|---|---|---|---|---|---|
| १ | घटना दर्ताका विवरण सच्याउने | **जन्म दर्ता प्रमाणपत्रमा संशोधन**<br><br>**(क) जन्म मिति सच्याउनको लागि**<br>● परिक्षा नियन्त्रण कार्यालयको प्रवेशिका परीक्षाको लब्धाङकपत्र ( लब्धाङकपत्र जारी भएको मिति ६ महिना नाघेको हुनुपर्ने र विद्यालयको चारित्रिक प्रमाणपत्रको प्रतिलिपी वा<br>● अस्पतालमा जन्मेको बच्चाको हकमा अस्पतालले प्रदान गरेको जन्म प्रमाणपत्र वा<br>● नाबालिकाको परिचयपत्र वा<br>● नागरिकताको प्रमाणपत्र वा<br>● कुनै पनि प्रमाण खुल्ने कागजात प्राप्त नभएको अवस्थामा निकायको रोवहरमा कम्तीमा ५ जना नेपाली नागरिकता प्राप्त व्यक्तिको सर्जमिन मुचुल्का सर्जमिन मुचुल्का गर्नेहरुको नागरिकताको प्रमाणित प्रतिलिपी अनिबार्य रुपमा संलग्न गर्नु पर्ने ।<br><br>**(ख) जन्म दर्तामा नाम संशोधनको लागि**<br>● वच्चाको नाम संशोधन गर्नुपरेमा आमा र बुवाको निवेदन वा बच्चा र बुवा आमाको सम्वन्ध खुलेको अन्य कागजात वा प्रमाणपत्र ।<br>● नाम संशोधन गर्नुपर्ने व्यक्ति वालिक भएमा एस.एल.सी. प्रमाणपत्र, विद्यालयको चारित्रिक प्रमाणपत्र वा बाबु आमासँग नाता खुल्ने अन्य आधिकारिक प्रमाणपत्र ।<br>● आमा बुवा वा बाजेको नाम संशोधन गर्नुपरेमा<br>१. सो सम्वन्धी आवश्यक | उल्लेखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकिय अधिकृत डेमोग्राफर | स्थानिय पञ्जिकाधिकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कागजात नागरिकता विवाह दर्ता प्रमाणपत्रमा वा एस.एल.सी. वा सो भन्दा माथिल्लो स्तरको शैक्षिक प्रमाणपत्रमा नाम खुलेको प्रमाणपत्र कागजात र विद्यालयको चारित्रिक प्रमााणपत्र ।<br>२. स्थानिय निकायबाट दुबै व्यक्ति एउटै हो भनि उल्लेख भएको कम्तीमा ५ जना नेपाली नागरिकता व्यक्तिको सजंमिन मुचुल्का सहित सजंमिनमा वस्नेको प्रमाणपत्रको प्रतिलिपी ।<br><br>**(ग) जन्म स्थल सच्याउनु परेमा**<br>● विदेशमा जन्मिएको वच्चाको जन्मस्थान सच्याउनु परेमा उक्त देशको अस्पतालमा बच्चा जन्मिएको प्रमाणपत्र वा कागजात प्रमाणपत्र अंग्रेजीमा नभएमा सो देशमा रहेको नेपाली निकायबाट बच्चा सो देशमा जन्मिएको भनि प्रमाणपत्र गरिएको कागजात वा<br>● उक्त देशमा बच्चा जन्म दर्ता गरिएको प्रमाणपत्र सम्वन्धित देशका जन्म दर्ता गरेको भएमा उक्त प्रमाणपत्रको नेपाली निकायबाट प्रमाणित नेपाली वा अंग्रेजी भावानुबाद । | | | |
| | | **मृत्यु दर्तामा संशोधनको लागि**<br>**(क) नाम संशोधन**<br>● बाबु बाजे वा पति पत्नी नाम संशोधन गर्नुपर्ने भएमा नाता खुल्ने नागरिकता प्रमाणपत्र अधिकाररिकता खुल्ने अन्य प्रमाण पत्र जस्तै जग्गाधनी प्रमाणपूर्जा आदि ।<br>● खुल्ने कागजात प्राप्त नभएको अवस्थामा स्थानीय निकायको प्रतिनिधिको रोवहरमा गरिएको सर्जमिन मुचुल्का र सर्जमिनमा वस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र । | उल्लेखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकिय अधिकृत डेमोग्राफर | स्थानिय पञ्जिकाधिकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • निवृत्तभरण प्रयोजनमो लागि भएमा पेन्सन विवरणमा उल्लेख भएको पारिवारिक विवरण ।<br><br>**(ख) मृत्यु मिति सच्याउने सम्वन्धमा**<br>• अस्पतालबाट जारी मृत्यू मिति उल्लेख भएको मृत्यू प्रमाणपत्र वा सरकारी निकायबाट मृत्यू मिति प्रमाणित गरिएको सिफारिस ।<br>• स्थानिय निकायको प्रतिनिधिको रोवहरमा गरिएको कम्तिमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र । | | | |
| | | **विवाह दर्ता प्रमाणपत्र संशोधन सम्वन्धमा**<br>**(क) दुलाहा दुलहीको नाम संशोधन सम्वन्धमा**<br>• विवाह दर्ता प्रमाणपत्रमा आएको नाम र संशोधन गर्नुपर्ने नाम एकै व्यक्तिको हो भन्ने आधिकारिक कागजात वा कम्तिमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन वस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र र सम्वन्धित निकायले संशोधन गर्न उचित हो भनी गरेको सिफारिस पत्र ।<br>• दुलाहा दुलहीको बुवा बाजेको नाम संशोधन गर्न नाता खुलेको आधिकारिक प्रमाणपत्र वा स्थानिय निकायको रोवहरमा गरिएको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।<br><br>**(ख) विवाह मिति सच्याउने सम्वन्धमा**<br>• विवाह मिति सच्याउन आधिकारिक कागजात, विवाह मिति फरक परेमा संशोधन गर्नुपर्ने कारण र विवाह मिति उल्लिखित भएको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता | उल्लेखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकिय अधिकृत डेमोग्राफर | स्थानिय पञ्जिकाधिकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रमाणपत्रको प्रतिलिपी । | | | |
| | | **वसाईसराई सम्वन्धि (वसाइसराईको उमेर संशोधन सम्वन्धमा)**<br>● संशोधन गर्न आधिकारिकता खुलेको नागरिकता,<br>● एस.एल.सी. वा सो भन्दा माथिको शैक्षिक प्रमाणपत्र ,<br>● व्यक्ति फरक परेमा एकै व्यक्ति हो भन्ने सरकारी निकायबाट प्रमाणित कागजात वा<br>● स्थानिय निकायका प्रतिनिधिको रोहवरमा भएको कम्तिमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन वस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र ,<br>● मिति फरक परेमा आधिकारिकता खुलेको कागजात तथा स्थानिय निकायको सर्जमिन मुचूल्का | उल्लेखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकिय अधिकृत डेमोग्राफर | स्थानिय पञ्जिकाधिकारी |
| २ | घटना दर्ताका विवरण सच्याउन कसले निवेदन दिने | **सम्वन्ध विच्छेद**<br>● जन्म दर्ता गर्दाको सुचक वा<br>● क्र.स. (१) मा उल्लेखित व्यक्तिको अनुपस्थितिमा बुवा आमा वा परिवारको मुख्य व्यक्ति वा<br>● क्र.स. (१) र (२) मा उल्लेखित व्यक्तिहरु नभएको अवस्थामा वालिग व्यक्ति स्वयमले ।<br><br>**मृत्यू दर्ता**<br>● मृत्यू दर्ता गर्दाको सुचक वा<br>● क्र.स. (१) मा उल्लेखित व्यक्तिको अनुपस्थितिमा मृत्यू भएको व्यक्तिको पति वा पत्नी वा उमेर पुगेको छोरा वा अनिवार्य छोरी वा बाबु आमा वा सरोकारबाला परिवारको सदस्य वा विवाहित छोरी | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **विवाह दर्ता**<br>● पति पत्नी दुबैले<br>● पति पत्नी मध्ये एक मात्र जीवित भएमा पति वा पत्नीले<br><br>**सम्वन्ध विच्छेद**<br>● सम्वन्ध विच्छेद गर्दा सुचक बा पति वा पत्नी  मध्ये कुनै एक जना ।<br><br>**बसाइसराई**<br>● बसाइसराइ गर्दाको सुचक वा निजको अनुपस्थितिमा बसाइसराईमा उल्लिखित भएको उमेर पुगेको व्यक्तिले । | | | |
| | | | | | |